# तारखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
२०७३

प.सं.२०८२/०८३
च न

गण्डकी प्रदेश, नेपाल
मिति २०८२/१२/२२

**गाई/भैसी पालक कृषक,पशुपालक कृषक समूह र सहकारी संस्थाहरुले कार्यक्रमको आवेदन पेश गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२२ गते)

ताराखोला गाउँपालिका,बागलुङको आ.व.२०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको कार्यक्रम संचालन गर्न ईच्छुक ताराखोला गाउँपालिका भित्रका गाई/भैसी पालक कृषक,पशुपालक कृषक समूह र सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी ताराखोला गाउँपालिका, पशु सेवा शाखामा निवेदन पेश गर्नहुन सम्बन्धित सबैको लागी सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र स | कार्यक्रमको नाम | अनुदान प्रतिशत | बजेट रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | दुध तथा मासु उत्पादनको लागी गाई/भैसी वितरण कार्यक्रम | ६० | १००० | गाई/भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०८२ अनुसार कार्यक्रम संचालन हुनेछ । |
| | | | | |

आवश्यक कागजातहरुः

१. निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. सम्बन्धित वडाको सिफारिस पत्र

२०८२/१२/२२
बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

"श्रम, सहकारी, पर्यटन, कृषि, उद्योग र पूर्वाधारः
गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"

website:- www.tarakholamun.gov.npEmail.id :- ito.tarakholamun@gmail.com

# ताराखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

२०७३

प.सं.२०८२/०८३
च न

गण्डकी प्रदेश, नेपाल
मिति २०८२/१२/२२

४. जग्गा धनीको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाँडो भएमा सो को कम्तिमा ५ वर्ष जग्गा करारनामा सम्झौताको प्रतिलिपि

५. पशु फर्म, समूह वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ (दर्ता/स्थापना सम्बन्धि कागजातको प्रतिलिपि,नविकरणको प्रतिलिपि, गत आ व को कर चुक्ताको प्रतिलिपि,स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षमा अनुदानको लागी प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र, समूह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि)

६. बिगत २ वर्षमा कुनै पनि कार्यालयबाट समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र

७. निजि क्षेत्रका आवेदकले कम्तिमा २ वटा वा सो भन्दा बढि गाई/भैसी पालन गरेको छ भन्ने विवरण खुल्ने सम्बन्धित टोल विकास संस्था र वडाको सिफारिस पत्र

८. समूह वा सहकारी संस्थाको हकमा कम्तिमा ५-१० वटा गाई/भैसी पालन गरेको छ भन्ने विवरण खुल्ने सम्बन्धित टोल विकास संस्था र वडाको सिफारिस पत्र

पुनश्चः माथी उल्लेखित कार्यक्रम ताराखोला गाउँपालिकाको गाई/भैसी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि-२०८२ मा भएको व्यवस्था अनुसार हुन्छ ।साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेको आवेदनमाथि कुनै प्रकृया अघि बढ्ने छैन ।

थप जनकारीको लागी सम्पर्क नं ९८६८८१८९२१

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृ